म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६६/०७०

वर्षः१७ अङ्कः- १६१ २०८३ वैशाख २१ गते सोमबार 4 May 2026, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

**स्वतन्त्र प्रेस, सबल लोकतन्त्र**

- अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो,
- स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताको सम्मान गरौं,
- संचारमाध्यमलाई दबाब, धम्की र हस्तक्षेपबाट मुक्त राखौं,
- सत्य, तथ्य र प्रमाणमा आधारित समाचारलाई प्राथमिकता दिऔं,
- गलत, भ्रामक, कुण्ठित भावना र अफवाहबाट टाढा रहौं,
- पत्रकारहरुको सुरक्षा र पेशागत स्वतन्त्रता सुनिश्चित गरौं,
- सूचना प्राप्त गर्ने जनताको अधिकारको सम्मान गरौं,
- प्रेसमाथि हुने आक्रमण र दमनको विरोध गरौं,
- संचार क्षेत्रलाई पारदर्शी र जवाफदेही बनाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# नागरिकप्रति जिम्मेवार हुन सञ्चारकर्मीलाई आग्रह



*विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा आयोजित अन्तरक्रियामा सहभागीहरु ।*

**समाज संवाददाता**

हेटौंडा : जुनसुकै सरकारले पनि आफु प्रतिपक्षमा रहँदा प्रेस स्वतन्त्रताको वकालत गर्ने र सत्तामा हुँदा निरंकुश बन्ने प्रवृति चलिआएको सरोकारवालाहरुले बताएका छन् ।

विश्व प्रेस स्वतन्त्रता दिवस (मे ३) को अवसरमा पत्रकार महासंघ मकवानपुरको आयोजनामा आइतबार सम्पन्न अन्तरक्रियामा सहभागीहरुले प्रेस स्वतन्त्राताबारे धारणा व्यक्त गरेका हुन् ।

सहभागीहरुले पछिल्लो समय सरकारले निजी मिडियामा सरकारी विज्ञापन दिन रोक लगाएकोमा असन्तुष्टि व्यक्त गरेका छन् । 'शान्तिपूर्ण भविष्यको निर्माण : मानव अधिकार, विकास सुरक्षाका लागि प्रेस स्वतन्त्रताको प्रवर्द्धन' भन्ने मूल नारासहित विश्व प्रेस स्वतन्त्रता दिवस मनाइएको छ। अन्तरक्रियामा बोल्दै पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष हरि हुमागाईले प्रेस स्वतन्त्रता दिवस प्रत्येक वर्ष मनाइने गरे पनि प्रेस भने हालसम्म स्वतन्त्र हुन नसकेको बताउनु भयो । उहाँले पहिले राजतन्त्रको समयमा मिडिया हाउसमै सेना रहेर सत्तापक्ष अनुकुल समाचार लेख्न लगाउने गरिएकोमा पछिल्लो समय अप्रत्यक्ष रुपमा सरकारले विज्ञापन रोकेर स्वतन्त्र प्रेस क्षेत्रलाई समस्यामा पारेको उल्लेख गर्नुभयो । पछिल्लो समय सत्तापक्षबाट आफु अनुकुल समाचार खोज्ने प्रवृत्ति बढ्दै गएको उहाँले आरोप लगाउनुभयो ।

कार्यक्रममा पत्रकार महासंघ बागमती प्रदेशका संस्थापक अध्यक्ष प्रताप बिष्टले पत्रकारिताले नागरिकको विषयमा स्वतन्त्र भई लेख्नुपर्नेमा सरकारबाट प्राप्त हुने लोककल्याणकारी विज्ञापन प्राप्त गर्न मात्रै पत्रिका प्रकाशन गर्ने प्रवृत्तिले स्वतन्त्र पत्रकारितामा विकृति बढ्दै गएको बताउनुभएको छ । उहाँले लोकतन्त्रमा प्रेस स्वतन्त्रता प्राणवायु नै भएको उल्लेख गर्दै जिम्मेवार प्रेस सञ्चालनले मात्रै प्रेस स्वतन्त्रताको अभ्यास कायम रहने बताउनुभयो ।

पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष राममणि दाहालले सञ्चार क्षेत्रमा भएका विकृत्तिलाई निरुत्साहित गर्न सरकारले नियमन गर्नुपर्ने आवश्यकता विपरित सरकारी विज्ञापन निजी मिडियालाई नदिने, समानुपातिक विज्ञापन खारेज गर्ने जस्ता नियन्त्रणमुखी कार्य गरेको बताउनुभयो। मिडियाकर्मी जिम्मेवार हुनुपर्ने आवश्यकतालाई पनि औँल्याउनु हुँदै मिडियालाई कमजोर बनाउनु भनेको नागरिक अधिकार लाई कुण्ठित गर्ने प्रयास भएको दाहालको भनाइ छ ।

बालकृष्ण अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा स्वतन्त्र पत्रकार संघका महासचिव सुरेश श्रेष्ठले विभिन्न तहमा रहेर काम गर्ने सञ्चारकर्मीसँग महासंघले अन्तरक्रिया गरेर जिम्मेवार पत्रकारिताको अभ्यास गर्न प्रेरित गर्नुपर्ने बताउनुभयो । उहाँले श्रमजीवि पत्रकारलाई पारिश्रमिक नपाउँदा काम छाड्न सुझाव दिनुभयो । ९ महिनासम्म तलब नदिँदा पनि त्यही मिडियामा काम गरिरहनु पत्रकारको पनि कमजोरी भएको उहाँको भनाइ थियो ।

गैरसरकारी संस्था महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटाले सरकारले नागरिक अधिकार हनन् गऱ्यो भनिरहँदा यसअघिका प्रवृत्तिलाई पनि समीक्षा गर्नुपर्ने बताउनुभयो । लोकतन्त्र र नागरिक अधिकार सुनिश्चितताका लागि मिडियाको भूमिका महत्वपूर्ण हुनेमा उहाँले जोड दिनुभयो ।

## सात अध्यादेश जारी, एक फिर्ता

काठमाडौं: सरकारले सिफारिस गरेका विभिन्न ८ वटा अध्यादेशमध्ये राष्ट्रपति रामचन्द्र पौडेलले ७ वटा जारी गरेका छन्। आइतबार अपराह्नसम्म उनले ७ वटा अध्यादेश जारी गरे भने एउटालाई प्रधानमन्त्री कार्यालयलाई पुनर्विचारका लागि भन्दै फिर्ता पठाएका छन् ।

सरकारले गरेको सिफारिसका आधारमा संविधानको धारा धारा ११४ को उपधारा १ लाई आधार बनाएर पछिल्ला ४ दिनमा राष्ट्रपति पौडेलले ७ वटा अध्यादेश जारी गरेका हुन् । राष्ट्रपति पौडेलले सरकारले सिफारिस गरेकामध्ये संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी अध्यादेश भने पुनर्विचारका लागि फिर्ता पठाएका छन् । उनले यसबारेसंविधानविद्हरूसँग पनि परामर्श लिएका थिए ।

गत बिहीबार सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३ र सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ जारी भएको थियो। शुक्रबार सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश २०८३ जारी भएको थियो ।

राष्ट्रपति पौडेलले शनिबार एकैसाथ तीन वटा अध्यादेश जारी गरेका थिए। जसमा स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश र विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश थिए । आइतबार केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८३ जारी भएको हो ।

# मामाघरलाई दुई हप्तामा ६५ हजार सहयोग



*मामाघर नेपाललाई सहयोग गर्नुभएकी ८३ वर्षीया दुर्गाकुमारी अर्याल ।*

**समाज संवाददाता**

हेटौंडा : सडक बालबालिकाको व्यवस्थापनमा सक्रिय हेटौंडा-११, डाङ्डुङेस्थित मामाघर नेपाल मकवानपुरलाई सहयोग आउने क्रम जारी छ । पछिल्लो दुई हप्तामा मामाघरलाई कुल ६५ हजार ६ सय १० रुपैयाँ आर्थिक सहयोग प्राप्त भएको छ ।

हेटौंडा-९ निवासी दीपा बुढाथोकीले छोराको जन्मदिनको अवसरमा मामाघरलाई १५ हजार ५ सय ५५ रुपैयाँ सहयोग गर्नुभएको छ । हेटौंडा-९ कै दुर्गाकुमारी अर्यालले ८३ औं जन्मदिनको अवसरमा १० हजार ५ सय रुपैयाँ, हेटौंडा-११ का स्वर्गीय अर्जुन बानियाँको परिवारले १० हजार र अधिरा श्रेष्ठले पनि १० हजार रुपैयाँ सहयोग गर्नुभएको छ ।

हाल जापान रहनुभएका हेटौंडा-५ की आइसा शाहीले जन्मदिनको अवसरमा नगद ६ हजार रुपैयाँ, हेटौंडा-७ निवासी सरस्वती खड्का र विकास केसीले छोरीको जन्मदिनको अवसरमा ५ हजार ५५ रुपैयाँ, हेटौंडा-७ निवासी मोनिका गौतमले जन्मदिनको अवसरमा ५ हजार रुपैयाँ मामाघरलाई सहयोग गर्नुभएको छ । यस्तै, हेटौंडा-१० निवासी अमिसा घिसिङ र मनिषा लामाले संयुक्तरुपमा ४ हजार र हेटौंडा-२ निवासी केशरी उप्रेतीले ४ हजार रुपैयाँ आर्थिक सहयोग गर्नुभएको हो ।

हेटौंडा-८ निवासी कृष्णा पौडेलको हाल अस्ट्रेलिया बस्ने छोरी श्रद्धा पौडेलको जन्मदिनको अवसरमा भन्जाहरुका लागि एकदिनको खाना र खाजा सहयोग गर्नुभएको छ । हेमा कार्कीले छोरीको जन्मदिनको अवसरमा खाद्यान्न सहयोग र काले शेर्पाको परिवारले बुद्ध जयन्तीको अवसरमा भान्जाहरुका लागि दिवा खाजा सहयोग गर्नुभएको छ। निल डेभिस इन्टरनेसनल सैलुन एण्ड एकेडेमीले भान्जाहरुको कपाल काटी सहयोग गरेको छ ।

यसअघि वैशाख पहिलो सातामा मामाघरलाई १ लाख २३ हजार रुपैयाँ आर्थिक सहयोग प्राप्त भएको थियो । मामाघर नेपालले २०६८ सालदेखि हेटौंडा र आसपासका क्षेत्रमा सडक बालबालिकाको आपतकालीन राहत, उद्दार, परामर्श, आवासीय सुविधा, औपचारिक शिक्षा र सीप प्रदान गर्दै आएको छ ।

हालसम्म २ हजार २ सय ७६ जना अनाथ, असहाय र सडक बालबालिकालाई सेवा प्रदान गरिएको संस्थाको तथ्याङ्क छ। संस्थाले बालबालिकालाई आवासीय सुविधासहित औपचारिक शिक्षा र सीपमूलक तालिमसमेत दिँदै उनीहरूको भविष्य निर्माणमा महत्वपूर्ण भूमिका खेलिरहेको छ ।

# उपचारको क्रममा मृत्यु

**समाज संवाददाता**

हेटौंडा : ट्याङ्करको ठक्करबाट घाइते भएका पैदलयात्रीको उपचारको क्रममा मृत्यु भएको छ।

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत चितवनको राप्ती नगरपालिका-४ मा बैशाख ४ गते ट्याङ्करको ठक्करबाट घाइते भएका एकजना पैदलयात्रीको आइतबार बिहान उपचारको क्रममा मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

भण्डाराबाट लोथरतर्फ जाँदै गरेको ना ७ ख ४८३४ नम्बरको ट्याङ्करकको ठक्करबाट अन्दाजी ६५ वर्षीय पुरुष पैदलयात्री घाइते भएका थिए । उनको आइतबार बिहान ५ बजेर ५ मिनेटको समयमा नयाँ मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मृत्यु भएको हो ।

मृतकको परिचय खुल्न सकेको छैन । गाडी प्रहरीको नियन्त्रणमा र हेको भने चालक बारा जिल्लाको जितपुर-सिमरा उपमहानगरपालिका-२१ का ४१ वर्षीय रविशंकर प्रसाद कानुलाई जिम्मा लगाई छोडिएको प्रहरीले जनाएको छ ।

**ऋणीहरुलाई ऋण बुझाउन आउने बारेको अत्यन्त जरुरी सूचना**

यस सहकारी संस्थाबाट विभिन्न मितिमा विभिन्न प्रयोजनको निम्ति ऋण लिनु भई ऋण तथा व्याज बुझाउन संस्थाबाट पटक-पटक ताकेता गर्दा संस्थाको सम्पर्कमा नआउनु हुने ऋणी सदस्यहरुलाई ऋण लिँदाको बखत गर्नु भएको सम्झौता अनुरूप साँवा, व्याज तथा हर्जना रकम बुझाउन संस्थामा सम्पर्क गर्नुहुन यो ३५ दिने सूचना प्रकाशित गरिएको छ ।

३५ दिन भित्र संस्थाको सम्पर्कमा नआउनु हुने ऋणी सदस्य महानुभावहरूको तीन पुस्ते नामावलीसहितको विवरण सार्वजनिक गर्न संस्था बाध्य हुने व्यहोरा यसै सूचनाद्वारा अवगत गराइन्छ ।

सहयोगका लागि धन्यवाद ।
"उद्यमशिलता र पारदर्शिता: सहकारीको प्राथमिकता"

नमस्ते मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि.
हेटौंडा-१०, टिसिएन, सम्पर्क: ०५७-५२४८०४




Contact : 9807171993/9741681458 TCN Road-10
नोट : हामी कहाँ सबै किसिमका बाइक तथा स्कुटर एक्सचेन्ज गरिन्छ ।

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
–थाईराईड
–क्यान्सर
–रक्तअल्पता
–वाथरोग
–बााँझोपन
–भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जााचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

**हार्दिक बधाई**



महिला साहित्यकारहरुको संस्था आँचल साहित्य कला पुञ्ज शुक्रबार सम्पन्न पाँचौं अधिवेशनबाट मकवानपुर बहुमुखी क्याम्पस, नेपाली तथा पत्रकारिता विभागकी सदस्य उप-प्राध्यापक **नीरा शर्मा** सर्वसम्मत अध्यक्ष निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**नेपाली तथा पत्रकारिता विभाग परिवार**
**मकवानपुर बहुमुखी क्याम्पस**
हेटौंडा-५, मकवानपुर

## सम्पादकीय

# सरकारको गतिले जगाएको आशा

दुई महिनाअघि सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले झण्डै दुई तिहाइ सिट हासिल गऱ्यो । निर्वाचनअघि बालेन्द्र शाह (बालेन)लाई भावी प्रधानमन्त्री घोषणा गरेर निर्वाचनमा होमिएको रास्वपाले अप्रत्यासित जित हासिल गरेसँगै बालेन प्रधानमन्त्री बने । प्रधानमन्त्रीको सपथ खाएलगत्तै पूर्ण मन्त्रिमण्डल गठन गरेर काम सुरु गरेको करिब एक महिनामा आशालाग्दा धेरै कामहरु सुरु भएका छन् । सरकारले सुरुवातदेखि आफ्ना काम कारबाहीलाई तिब्रता दिने क्रममा करिब एक साताअघिबाट काठमाडौं उपत्यकाको नदी किनारमा बसोबास गर्दै आएका अव्यवस्थित बसोबासीको घर टहरा भत्काएर अतिक्रमणमुक्त बनाउने काम सुरु गऱ्यो । थापाथली, गैरीगाउँ, मनोहरा क्षेत्रको अतिक्रमित बस्ती भत्काएपछि अन्यत्रको बस्ती पनि भत्काएर खाली गर्ने काम चलिरहेको छ ।

भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीले कब्जा गरेर संरचना बनाएको नदी किनारको सार्वजनिक जग्गा खाली गराउन थालेपछि एक प्रकारको तरङ्ग उत्पन्न भएको । सरकारको समर्थन बिरोधमा सामाजिक सञ्जाल रङ्गिएको छ । अधिकांश राजनीतिक दल तथा नेताहरु सरकारको बिरोध गरिरहेका छन् भने अन्य व्यक्तिहरु सरकारको समर्थनमा खडा भएका छन् । २०४८ सालदेखि भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या हल गर्ने भन्दै करिब दुई दर्जन आयोग बनेको भए पनि समस्या समाधान नभएपछि वर्तमान सरकारले फरक तरिकाबाट सुकुम्बासी समस्या समाधानको काम सुरु गरेको छ । पहिला सुकुम्बासी तथा अन्य व्यक्तिले सार्वजनिक जग्गामा बनाएका संरचना भत्काएर सुकुम्बासीको लगत संकलन गर्ने र त्यसपछि बास्तविक सुकुम्बासी व्यवस्थापनको काम गर्ने तयारी सरकारको छ । घरटहरा भत्किएर बासको व्यवस्था गर्न नसक्नेका लागि सरकारले विभिन्न ठाउँमा आश्रय दिइरहेको छ । हालसम्म खाली गराइएका काठमाडौं उपत्यकाका विभिन्न बस्तीका एक हजार ८ सय परिवारले आफूहरु सुकुम्बासी भएको भन्दै सरकारको सम्पर्कमा आएका छन् ।

खोला तथा नदी किनारको अतिक्रमित सार्वजनिक जमिन खाली गराउने कामसँगै सरकारको काम कारबाहीमा बाधा पुगेका विभिन्न ऐन संशोधन गर्न सरकारले थुप्रै अध्यादेशसमेत ल्याएको छ । सरकारले राष्ट्रपतिसमक्ष पेश गरेको ८ वटा अध्यादेशमा ७ वटा जारी भएको छ भने संवैधानिक परिषद्सम्बन्धी अध्यादेश पुनर्विचारका लागि फिर्ता गरिएको छ । सरकारले पेश गरेको सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, सहकारी (पहिलो संशोधन) अध्यादेश, सम्पत्ति शुद्धीकरण निवारण (तेस्रो संशोधन) अध्यादेश जारी भएको छ । स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश र केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश जारी भएको छ ।

प्रतिनिधिसभामा झण्डै दुईतिहाइ बहुमत रहेको सरकारले संसदबाट ऐन बनाउने प्रक्रियातिर नगएर अध्यादेशबाट शासन गर्न खोजेको भन्दै प्रतिपक्षी दलहरुले बिरोध गरेका छन् । सरकारले जुन गतिमा काम गर्न खोजेको छ, त्यो गति दिनका लागि संसदीय प्रक्रिया पूरा गरेर ऐन बनाउन नलागेर अध्यादेश ल्याएको सहजै अनुमान गर्न सकिन्छ । प्रशासनिक कार्यसम्पादनलाई चुस्त बनाउन, विगतका सरकारले गरेका नियुक्तिहरु सच्याउन, विकास निर्माणका काममा हुँदै आएका विकृति रोक्न, सहकारी पीडितलाई राहत दिन, भ्रष्टाचारको छानविन गर्न सरकारले ल्याएको अध्यादेशले सहज बनाउने देखिन्छ । यही गतिमा सरकारले काम गर्दै जाने हो भने छोटो समयमै आम नागरिकमा देशमा विकास र सुशासनको नमुना देख्न पाउने आशा जगाएको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : मनमा रोमान्स र उल्लास देखा पर्ने समय छ । |
| वृष | : मायाप्रेमको वातावरण बढ्ने समय योग छ । |
| मिथुन | : बैदेशिक प्रयोजनको काममा समय व्यतित हुनेछ । |
| कर्कट | : बन्धुबान्धवले सहयोग पुऱ्याउने समय योग छ । |
| सिंह | : श्रममूलक कामबाट लाभ प्राप्त हुने समय छ । |
| कन्या | : आर्थिक कारोबारप्रति केन्द्रित भइने समय योग छ । |
| तुला | : व्यापार–व्यवसायबाट त्यति लाभ नहुने समय छ । |
| वृश्चिक | : संस्कार र परम्पराप्रति जिम्मेवार बढ्ने समय छ । |
| धनु | : मानसिक सन्तुष्टिको समय योग रहेको देखिन्छ । |
| मकर | : अल्छी नगरी भविष्य बनाउने समय योग छ । |
| कुम्भ | : आवेग र रिसलाई नियन्त्रण गर्दा राम्रो हुनेछ । |
| मीन | : मनोरञ्जनमा आकर्षण बढ्ने समय योग छ । |

### माओवादी आन्दोलन

# नायकी इतिहास, बाटो बिराएको वर्तमान




२०४७ सालको संसदीय चुनावमा ९ सिट प्राप्त गरी तेस्रो भएको तत्कालीन जनमोर्चा नेपाल २०५१ मा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रतिनिधिसभा विघटन गरेपछि भएको मध्यावधि निर्वाचनमा सहभागी नै भएन । बरु, जनमोर्चा नेपालका नेताहरूले आफ्नो पार्टी पुनर्गठन गरे र नेकपा माओवादीको नामबाट २०५२ बाट सशस्त्र संघर्ष शुरु गरे ।

दश वर्ष चलेको सशस्त्र संघर्ष २०६२ मा तत्कालीन सात राजनीतिक दलसँग १२ बुँदे सहमति भएसँगै नयाँ दिशामा अघि बढ्यो । सोही वर्षको चैत २४ देखि २०६३ को वैशाख ११ सम्म भएको १९ दिने जनआन्दोलनले तत्कालीन राजा ज्ञानेन्द्र शाहलाई घुँडा टेकाएपछि माओवादी हतियार बिसाउन तयार भयो ।

२०६३ मंसिर ५ गते कोइराला नेतृत्वकै तत्कालीन सरकार र नेकपा माओवादी बीच ऐतिहासिक विस्तृत शान्तिसम्झौता सम्पन्न भयो भने २०६४ चैतमा भएको संविधानसभा निर्वाचनबाट सबैभन्दा ठूलो राजनीतिक पार्टीका रूपमा माओवादी उदायो । यी सबै उपलब्धि हासिल हुँदा पार्टीका अध्यक्ष थिए, पुष्पकमल दाहाल प्रचण्ड । गणतान्त्रिक नेपालको पहिलो प्रधानमन्त्री बन्ने सौभाग्य उनले पाए। तर, उनको सरकार लामो समय टिकेन। तत्कालीन सेनापति रुक्माङ्गद कटवाललाई बर्खास्त गर्ने सरकारको निर्णय असंवैधानिक रूपमा राष्ट्रपतिले उल्टाइदिएपछि प्रचण्ड नैतिकताको आधारमा राजीनामा दिंदै सडकमा आए ।

यतिबेलासम्म पनि उनको ओज कायम थियो। आफूपछि प्रधानमन्त्री बनेका माधवकुमार नेपाल नेतृत्वको सरकार ढलाउन राजधानीमा आफ्ना हजारौं कार्यकर्ता उतारेर एक सातासम्म काठमाडौं ठप्प पार्दा पनि उनको केही जोर चलेन । हार खाँदै प्रचण्डले लडाकुजस्ता आफ्ना कार्यकर्ता रिट्रिट गराए। तर, संसदीय राजनीतिको दलदलबाट उनी बाहिर निस्कन सकेनन् वा चाहेनन् । दुई वर्षका लागि निर्वाचित संविधानसभाले चार वर्षमा पनि संविधान बनाउन नसकेपछि स्वतः विघटन भयो । त्यसपछि २०७० मंसिरमा भएको संविधानसभाको दोस्रो निर्वाचनमा माओवादी तेस्रो तर निकै सानो आकारमा खुम्चियो । माओवादी त्यसयता बौरिन सकेको छैन ।

२०७३ मा नयाँ संविधान जारी भएपछि २०७४ मा भएको प्रतिनिधिसभा निर्वाचनमा पनि माओवादी तेस्रो दल बन्यो। वाम गठबन्धनको नाममा नेकपा एमालेसँग देशैभर सिट तालमेल गरेर चुनावमा होमिंदा पनि माओवादी तेस्रो दल बन्यो। २७५ स्थानका लागि भएको निर्वाचनमा माओवादीले प्रत्यक्षतर्फ ३६ र समानुपातिकतर्फ १७ गरी ५३ सिट मात्र जित्यो। जबकि, एमाले ८० प्रत्यक्ष र ४१ समानुपातिक गरी १२१ सिट जित्दै पहिलो पार्टी बन्यो । झन्डै दुईतिहाइको नजिक रहेको वाम गठबन्धनलाई एमाले र माओवादीले पार्टी एकतामा रूपान्तरण गरे । केपी ओली प्रधानमन्त्रीसँगै नेकपाको अध्यक्ष थिए । उनीसँगै प्रचण्ड पनि पार्टीमा सहअध्यक्ष रहे । तर, त्यो एकता लामो समय टिकेन। पुनः दुवै दल आआफ्नै ठाउँमा फर्किए । त्यसपछि कांग्रेससँग मिलेर प्रचण्ड पुनः केही समय प्रधानमन्त्री बने । संविधान कार्यान्वयनको चरणमा उनकै नेतृत्वमा स्थानीय तहको निर्वाचन सम्पन्न भयो ।

तर, उनलाई जनताले रुचाइरहेका थिएनन् । त्यसको पुष्टि २०७९ को निर्वाचनमा देखियो । यसपटक थप खस्किंदै माओवादीले प्रत्यक्षतर्फ १८ र समानुपातिक १४ गरी ३२ सिट मात्र जित्यो। यो ३२ सिटलाई प्रचण्डले जादुगरी संख्याको उपनाम दिइरहे। तेस्रो दल भए पनि कहिले एमालेसँग, कहिले कांग्रेससँग मिलेर सरकारको नेतृत्व गरिरहे । तर, १७ असार २०८१ मा कांग्रेस-एमालेले सरकार बनाउने, आलोपालो नेतृत्व गर्ने गरी सातबुँदे सहमति गरेपछि प्रचण्डको जादुयी संख्या प्रतिपक्षमा थन्किन पुग्यो ।

माओवादीको यो ओरालो यात्रा यसपटक पनि रोकिएन । गत २३ र २४ भदौको जेनजी आन्दोलनको पृष्ठभूमिमा गत २१ फागुनमा भएको निर्वाचनमा माओवादी संसद्को चौथो दलमा रूपान्तरण भयो । २०७९ मा पार्टी खोलेर त्यसै वर्ष भएको निर्वाचनमा सहभागी भई चौथो दल बनेको राष्ट्रिय स्वतन्त्र पार्टीले साढे तीन वर्षभित्रै १८२ सिटसहित दुईतिहाइ नजिकको जित हासिल गऱ्यो। माओवादी भने प्रत्यक्षमा ८ र समानुपातिक ९ गरी १७ सिटमा सीमित भयो। २०४७ मा ९ सिटबाट संसदीय यात्रा शुरु गरेको माओवादी २०८२ मा प्रत्यक्षतर्फ त्योभन्दा कम ८ सिट मात्र जित्ने अवस्थामा आइपुगेको छ ।

राजतन्त्रको अन्त्य गर्दै क्रान्तिकारी 'नायक' को महारथ हासिल गरेको माओवादी शीर्षस्थ नेतृत्व अब इतिहासमा मात्र सीमित हुने हो कि भन्ने आशंका उत्पन्न भएको छ। प्रचण्ड नेतृत्वको नायकत्वको आरोहपूर्ण विगतदेखि आजसम्मको अवरोहको बिसौनी कहाँ होला भन्ने चासोको मन्थन गर्नु जरूरी छ ।

## नायकको रूपमा प्रचण्ड

'प्रचण्ड' एक समय गणतान्त्रिक आन्दोलनको मात्र होइन, विचारको प्रतीकका रूपमा थिए । सशस्त्र संघर्षदेखि शान्ति प्रक्रियासम्मको यात्रामा उनी र माओवादी पार्टीको भूमिका इतिहासमा छोड्न र मोड्न नसकिने रूपमा अंकित छ। साठीको दशक वरिपरि प्रचण्ड व्यक्ति होइन, विचार हो भन्ने राजनीतिक भाष्य निर्माण भएसँगै प्रचण्डपथको अभ्यास समेत भयो ।

माओवादी आन्दोलनले नेपाली राज्य संरचनालाई हल्लायो, असमानता विरुद्ध विद्रोहको झण्डा उठायो र अन्ततः राजतन्त्रको अन्त्य गर्दै गणतन्त्रको मार्ग खोल्यो । इतिहासका केही कालखण्ड यस्ता हुन्छन् जहाँ एउटा आन्दोलनले केवल सरकार परिवर्तन मात्र गर्दैन, बरु राज्यको आत्मा नै परिवर्तन गर्छ । राज्यको आत्मा नै परिवर्तन गर्ने प्रचण्ड इतिहासको एउटा कालखण्डका नायक हुन् भन्दा फरक पर्दैन ।

तर इतिहासको अर्को सत्य पनि छ । संघर्ष जित्नु एउटा कुरा हो र त्यस संघर्षलाई स्थायी संस्थागत संरचनामा रूपान्तरण गर्नु अर्को कुरा हो । प्रचण्डको हकमा यही लागू हुँदैछ । संघर्षले परिवर्तनको ढोका त खोल्छ, तर शक्तिशाली र नियमबद्ध संस्थाले मात्रै त्यो परिवर्तनलाई स्थायित्व दिन सक्छ । २०७२ सालमा संविधान जारी भएसँगै परिस्थितिहरू फेरिए । सत्ता-समीकरण, गठबन्धन राजनीति, पार्टी एकता र विभाजनका घटनाहरूले माओवादी पार्टीको संगठनात्मक स्थिरता कमजोर बनायो । पार्टीभित्र नेतृत्व लामो समय सीमित व्यक्तिमा केन्द्रित रहँदा संस्था होइन, व्यक्ति प्रमुख भन्ने धारणा प्रबल हुँदैआयो ।

पूँजीवादी, समाजवादी वा अन्य जुनसुकै क्रान्तिकालमा नेतृत्वको नायकत्व स्थापित हुनु जरूरी हुन्छ। तर समाजमा सधैं नायक आवश्यक हुँदैनन् । 'अभागी त्यो समाज हो जसलाई नायकहरूको आवश्यकता छ।' यो उद्धरण १९३९ मा बर्टोल्त ब्रेख्तद्वारा लेखिएको 'लाइफ अफ ग्यालिलियो' नाटकबाट आएको हो । ब्रेख्तको यो भनाइको अर्थ एक कार्यात्मक, स्वस्थ र न्यायपूर्ण समाजलाई यसको समस्याहरू समाधान गर्न नायकहरू आवश्यक पर्दैन । नायकहरूमा निर्भरताले त्यो समाजभित्रको त्रुटिपूर्ण, समस्याग्रस्त वा प्रणालीगत असफलतालाई संकेत गर्दछ । यस अर्थमा संविधान निर्माणपश्चात् पनि प्रचण्डमा नायकत्व खोज्नु हाम्रो समाजको प्रणालीगत समस्या पनि हो । प्रचण्ड लगायत शीर्षस्थ माओवादी नेतृत्वले नायकत्वको आत्मगौरव छोड्न किन सकेनन् वा चाहेनन् भन्ने कुरा संगठनात्मक मात्र नभएर मनोवैज्ञानिक विषय पनि हो । अन्ततोगत्वा यो सैद्धान्तिक विषय हो ।

## लोकतान्त्रिक बाटो नहिंडेको माओवादी

नेतृत्वमा रहेको कुनै व्यक्तिको लोकतान्त्रिक मूल्यको मानक भनेको उसले आफू संलग्न आफ्नो घर, संस्था वा पार्टीलाई प्रणालीमा ढालेर संस्थागत बनाउँछ कि व्यक्तिकेन्द्रित बनाउँछ भन्ने कुराले छुट्याउँछ। लोकतान्त्रिक व्यक्तिले आफूले नेतृत्व गरेको संस्थालाई संस्थागत गर्छ ।

शान्ति स्थापनापश्चात् पनि माओवादी पार्टीभित्र विभाग र आयोगहरू प्रभावकारी बनाउने, केन्द्रीय कार्यालय व्यवस्थित र कामकाजी बनाउने, शीर्ष नेतृत्वको जीवनशैली पारदर्शी बनाउने काम भएन । नेतृत्वले लिने उपहार सम्बन्धी निर्देशिका तयार गर्ने, शीर्षस्थ नेतृत्वको सचिवालय टिमको योग्यता र आचारसंहिता तय गर्ने, नियमावली-विनियमावली लागू गर्नेतर्फ ध्यान दिइएन ।

संगठन व्यवस्थित गर्ने, आवधिक निर्वाचन र संस्थागत नियन्त्रण सुनिश्चित गर्न तलदेखि आन्तरिक लोकतन्त्र मजबुत गर्ने र सामूहिक चिन्तन प्रणाली विकास गर्ने जस्ता संस्थागत सुधार भएनन् । अर्कोतर्फ, नेपालका ८० प्रतिशत गाउँ माओवादीमय भई वर्ग संघर्षबाट उदाएका नेताहरू बृहत् शान्ति सम्झौतापश्चात् शहरकेन्द्रित भए । उनीहरूको कार्यशैली र जीवनशैलीलाई न त शहरले राम्रो भन्यो न गाउँले सम्झियो ।

सिद्धान्त र व्यवहारको फरकमा धेरैजसो नेताले अपारदर्शी जीवनशैलीको आरोप खेप्नु परिरहेको छ । सरसर्ती हेर्दा माओवादी नेतृत्व गणतन्त्रवादी हो, क्रान्तिकारी हो र परिवर्तनकामी हो तर लोकतान्त्रिक मानकमा निकै पछि परेको कुरा तथ्य हो, सत्य हो । लोकतान्त्रिक पद्धति र विधि स्थापना गर्न माओवादी शीर्ष नेतृत्वले ध्यानै नदिनुको पछाडि केही मुख्य दुई वटा कारण छन् । पहिलो क्रान्तिकारी संस्कारको प्रभाव र दोस्रो शक्ति नियन्त्रण गुम्ने डर ।

### १. क्रान्तिकारी संस्कारको प्रभाव

माओवादी आन्दोलन १० वर्ष लामो सशस्त्र संघर्षबाट आएको हो । युद्धमा कमाण्ड संरचना बलियो थियो । यस्तो संरचना पार्टीभित्र युद्धको तयारी र पछाडि गरी झण्डै १५ वर्षसम्म भन्दा बढी अभ्यास भयो । तर शान्तिप्रक्रियापछि त्यही संरचनाले चुनौती थप्यो भन्दा फरक पर्दैन । सशस्त्र संघर्षबाट आएको पार्टीमा संगठनात्मक लोकतन्त्र स्थापना हुन लामो समय लाग्नु स्वाभाविक त हो तर शान्तिप्रक्रियाको झण्डै दुई दशकसम्म संगठनात्मक लोकतन्त्रको न्यूनतम अभ्यास पनि नहुनु शायद माओवादी शीर्ष नेतृत्वको अवचेतन मनस्थितिमा शक्ति विकेन्द्रित हुने र व्यक्ति केन्द्रमा नपर्ने स्वाभाविक भय हुनसक्छ ।

अर्कोतर्फ, उमेरलाई नै ज्ञान र क्षमताको पर्याय मान्ने ज्येष्ठतन्त्र अर्थात् जेरोन्टोक्रेसी, युद्धमा लडेको अग्रदस्ता समूहले नै राज्य वा समाजको नेतृत्व गर्नुपर्छ भन्ने क्रान्तिकारी अग्रदस्ता सिद्धान्त (रिभोलुसनरी भानगार्डिज्म) हावी भएकोले पनि संस्थागत विकास नभएको पनि हो । युद्धबाट प्रशिक्षित नेतृत्व पुस्ताको मनोविज्ञान लोकतान्त्रिक संस्कार र कार्यशैलीप्रति विश्वासपूर्ण छैन ।

सम्बन्धित क्षेत्रको विकास र अनुभवमा कुनै लेनदेन र साइनो नभेटिने व्यक्तिहरू आयोग, विभाग र जबसको प्रमुख हुनुको मुख्य कारण कमाण्ड संरचनाको नाममा ज्येष्ठतन्त्र तथा क्रान्तिकारी अग्रदस्ता सिद्धान्त मात्र हो । क्रान्तिकारी पार्टी भित्र मौलाएको ज्येष्ठतन्त्र र रिभोलुसनरी भानगार्डिज्म संसदीय अभ्यासको क्रममा प्रतिक्रान्तिका साधन बनेको कुरा नेतृत्वले समयमै पत्तो पाएन ।

### २. शक्ति नियन्त्रण गुम्ने डर

कुनै आन्दोलन वा पार्टी लामो समयसम्म सीमित व्यक्तिहरूको घेराभित्र भयो भने संगठन स्वतः व्यक्तिकेन्द्रित हुन्छ । संस्थागत संरचना बलियो भएमा निर्णय प्रक्रिया नेतृत्वबाट संस्थातिर सर्ने सम्भावना हुन्छ । यदि पार्टीमा लोकतान्त्रिक विधि अपनाइएमा वा संस्थागत सबलीकरणको बाटो समातेमा नेतृत्वमाथि संस्थागत नियन्त्रण बढ्छ । माओवादी शीर्ष नेतृत्वको अवचेतन मनस्थितिमा यस्ता संरचनालाई आफ्नो शक्ति सीमित गर्ने उपकरणका रूपमा हेरेको स्वयंसिद्ध हुन्छ ।

अर्कोतर्फ पार्टीभित्र निरन्तर रुपमा विभिन्न गुट वा नेताहरू प्रभावमा रहेका छन् । गुट परिचालन पनि संस्थागत विधि र प्रक्रियामा भएमा यो दुईलाइन संघर्षको विषय हुन्थ्यो । बहसहरू औपचारिक र निश्चित हुन्थ्यो । अन्तरपार्टी लोकतन्त्रको अभावमा गुटहरू अस्तित्वमा रहुन्जेल शीर्षस्थ नेतृत्वको अवचेतन मनस्थितिमा आफ्नो प्रतिस्पर्धामा अर्को नेता आउँछ कि भन्ने डर हुनु स्वाभाविक हो। इतिहासमा वैद्य, बाबुराम, बादल, माधव नेपाल, बामदेव गौतमदेखि विप्लवसम्मका फुटलाई नेताहरूले संस्थागत नभएर व्यक्तिगत चुनौतीको रूपमा लिएका हुन् ।

## लचकताको अन्तर्य

धेरै विश्लेषकले माओवादी शीर्षस्थ नेतृत्वको राजनीतिक शैली लचक र परिस्थिति अनुसारको गतिशील भनेर व्याख्या गरे । यो लचकताको अन्तर्यमा गतिशीलता एकदम कम र वैचारिक र संस्थागत अंकुशको कमी चाहिं अत्यधिक हो । कुनै बहस विना तत्कालीन छोटा कारण देखाएर गठबन्धन परिवर्तन, रणनीतिक सहकार्य वा तत्कालीन निर्णयहरू लिन यस्तो शैली उपयोगी भयो ।

माओवादी नेतृत्वको यो लचकताको प्रवृत्ति पार्टी बाहिर बढी लोकप्रिय भयो । पार्टी संस्थागत भएमा माओवादी शीर्षस्थ नेतृत्वसँगको सजिलो पहुँच गुम्ने र नेतृत्वको शक्तिको सीमा निर्धारण हुने भएकोले अन्य पार्टीले यस्तो लचकता मन पराएका हुन् । तर आफ्नै पार्टीभित्र यस कार्यशैलीको खासै प्रशंसा हुँदैन । कम्युनिष्ट जनले रूख र अन्य चिह्नमा भोट हालेको वा बारम्बार गठबन्धन परिवर्तन गरेको कुरालाई कार्यकर्ताले तितो सत्यको रूपमा मात्र लिएका छन् ।

## पार्टी लोकतन्त्रीकरणको साइत जुरेन

माओवादी पार्टी २०६४ सालदेखि प्रायः चुनाव, सरकार गठन, आन्दोलन, गठबन्धन व्यवस्थापन जस्ता तत्कालीन काममा मात्र व्यस्त भइरह्यो । आन्तरिक व्यवस्थापन, लोकतान्त्रिक अभ्यासलाई संस्थागत गर्ने र संगठनात्मक सुदृढीकरण जस्ता कार्यलाई प्राथमिकता दिइएन । पार्टीमा लोकतान्त्रिक प्रणाली स्थापना गर्नको लागि राजनीतिमा सरलरेखाको अवस्था खोज्नु भनेको व्यक्तिकेन्द्रित सोच हो । यो सोच नेतृत्वको संस्कार वा प्रवृत्तिमा बदलिएपछि राजनीतिमा सरलरेखा आएपछि पनि पार्टीलाई लोकतान्त्रिक बनाउने वा संस्थागत गर्ने साइत जुर्दैन ।

आजसम्म तत्कालीन माओवादी र हाल नेकपाभित्र लोकतन्त्र स्थापनार्थ प्रयास भएन । भित्र अन्तर्यमा आफ्नो भूमिका बिना पार्टीभित्र पात पनि हल्लिन नदिने केन्द्रीकृत सोच, नियन्त्रण गुम्ने डर र युद्ध संस्कारको कारणले हो पार्टीलाई लोकतन्त्रीकरणको बाटोमा नहिंडाइएको । बाहिर चाहिं सहज अवस्था आउँछ भन्ने साइत हेर्दै गइयो। यसरी साइत हेर्दाहेर्दै २०८२ फागुन २१ गते चुनाव भयो र चुनावको नतिजाले पार्टी जम्माजम्मी १७ सिटमा खुम्चन पुग्यो ।

## सम्भावित परिदृश्य

अब माओवादी वा नेकपाका सम्भावित परिदृश्यहरू के-के हुन सक्छन् ?

### पहिलो परिदृश्य : संस्थागत रुपान्तरण

पार्टीभित्र प्रभावकारी विभाग र आयोगहरू, स्पष्ट नियमावली, पारदर्शी सदस्यता प्रणाली, संस्थागत निर्णय प्रक्रिया अपनाई र आन्तरिक लोकतन्त्रलाई प्राथमिकता दिएमा अध्यक्ष प्रचण्डको छवि पुनः संस्थागत नेताका रूपमा बलियो हुन सक्छ। लोकतान्त्रिक अभ्यासले नेता-कार्यकर्तामा कार्य विन्यास गर्छ, व्यस्त बनाउँछ, जनसम्बन्ध वृद्धि गर्छ ।

यसले पार्टीलाई दीर्घकालीन रूपमा स्थायित्व दिन्छ र नयाँ पुस्तालाई आकर्षित गर्छ । यस्तो परिवर्तन सम्भव छ । विश्व इतिहासमा अनुभवी नेताहरू प्रायः आफ्नो राजनीतिक विरासत सुरक्षित गर्न अन्तिम चरणमा संस्थागत सुधारतर्फ उन्मुख हुन्छन् ।

### दोस्रो परिदृश्य : मिश्रित रुपान्तरण

आफ्नो प्रवृत्ति र बाह्य दबाबलाई सन्तुलन गर्न नेकपाका शीर्ष नेतृत्वले आंशिक सुधार गरे पनि वास्तविक शक्ति आफू वा आफ्नो टिम केन्द्रित नै राख्ने सम्भावना पनि उत्तिकै छ। यस अवस्थामा बाह्य रूपमा संस्थागत सुधार देखिए पनि व्यवहारमा ठूलो परिवर्तन नआउन सक्छ । यस स्थितिमा प्रचण्ड नेतृत्वको पार्टी ठूलो हुने सम्भावना त रहँदैन । आगामी एक वा दुई चुनावसम्म तेस्रो, चौथो शक्तिको रूपमा रहिरहन सक्छ ।

### तेस्रो परिदृश्य : यथास्थितिको निरन्तरता

पार्टीमा लोकतान्त्रिक अभ्यासको अभावमा माओवादी नेता-कार्यकर्ताहरू विगतको आत्मगौरवमा रमाउने तर वर्तमानमा मणि हराएको निराश पंक्तिको बाहुल्य भएको सत्य हो । लोकतान्त्रिक अभ्यासको कमीले कार्यकर्ताको ऊर्जा मात्रै घटेको छैन पार्टीमा नयाँ पुस्ताको स्वीकार्यता र संलग्नताको कमीले उत्पादकत्व र सृजनशीलतामा ह्रास आएको छ ।

यदि संगठनात्मक सुधार प्राथमिकतामा परेन भने शीर्षस्थ नेतृत्वलाई लाग्ने गरेको व्यक्तिकेन्द्रित राजनीतिको आरोप अझ गहिरिन सक्छ । फलतः पार्टीभित्र वैकल्पिक नेतृत्व खोज्ने आवश्यकता बढ्छ । सँगसँगै अहिले प्राप्त भएको जनाधार शून्य उन्मुख हुनसक्छ ।

स्मरणरहोस् नेकपा एमालेको विरासत कमरेड मदन भण्डारीले निर्माण गरेको लोकतान्त्रिक जग हो । पुराना भनी भाष्य निर्माण गरिएका पार्टीहरूमा आन्तरिक लोकतन्त्रको अभ्यास घटाउने र संलग्न नेता-कार्यकर्ताको अधिकार खोस्ने प्रतिस्पर्धाकै कारण आज नेपाली कांग्रेस, नेकपा एमाले र माओवादीको हालत यस्तो भएको हो भन्ने कुरा बुझ्नु जरूरी छ ।

पार्टीभित्र लोकतान्त्रिक अभ्यास नभएपछि जस-अपजसको भागीदार नेतृत्वकै हुन्छ जुन अहिले आम पार्टी कार्यकर्ता शुभचिन्तकहरूले आक्रोशको रूपमा व्यक्त गरेबाट स्पष्ट हुन्छ । प्रचण्डले चाहेमा पहिलो परिदृश्य असम्भव छैन किनकि लामो अनुभव भएका प्रचण्डसँग राजनीतिक रूपमा परिपक्व र समयसँगै दृष्टिकोण परिमार्जन गर्ने क्षमता छ ।

अर्कोतर्फ यस चुनावी परिणामपछि पार्टीभित्रका युवा तथा दोस्रो पुस्ताबाट संस्थागत सुधारको लागि आन्तरिक दबाब बढ्ने निश्चित छ। यसपालिको जनमतको स्पष्ट संकेत नेतृत्वले आत्ममूल्याङ्कन गर्नैपर्छ भन्ने हो। कम्युनिस्ट पार्टीमा बुर्जुवा पार्टीमा जस्तो पुस्तान्तरणको बहस हुनु सुखद होइन । तर पार्टीभित्र लोकतान्त्रिक विधि, पद्धति र संस्कार नभएपछि पुस्तान्तरणको भाष्य प्रबल भएर जान्छ। वैज्ञानिक र तथ्यपरक हिसाबले पुस्तान्तरण स्थायी समाधान होइन । योग्यता, क्षमता र उपयुक्तता अनि त्यसलाई पहिचान गर्ने लोकतान्त्रिक पद्धति नै चिरस्थायी हुन् ।

अन्त्यमा, प्रचण्ड लगायत शीर्षस्थ नेतृत्वका लागि अबको सबैभन्दा ठूलो राजनीतिक प्रश्न सत्ता प्राप्तिको होइन, इतिहासमा आफ्नो नाम कसरी लेखिनेछ भन्ने पनि हो । यदि यो नेतृत्वले आफ्नो बाँकी ऊर्जा संस्थागत संरचनामा रूपान्तरण गर्न सक्यो भने उहाँहरू केवल विद्रोहका नेता मात्र होइन, स्थायी राजनीतिक संस्थाका निर्माता पनि बन्न सक्छन् । *स्रोत : अनलाइनखबर ।*

# राष्ट्रपतिले अध्यादेश फिर्ता पठाएपछि सरकारले अब के गर्ला ?



काठमाडौं । सरकारले स्वीकृतिका लागि पठाएको संवैधानिक परिषद् सम्बन्धी अध्यादेश राष्ट्रपति कार्यालयले फिर्ता पठाइदिएको छ । सरकारद्वारा सिफारिस गरिएको 'संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८३' लाई फिर्ता पठाएपछि अब सरकारले के गर्छ भन्ने विषयमा बहस सुरु भएको छ ।

संविधानविद् तथा वरिष्ठ अधिवक्ता डा. भीमार्जुन आचार्यका अनुसार राष्ट्रपति कार्यालयले अध्यादेश फिर्ता पठाउनुमा पहिलो कारण भनेको उनले विगतमा दुई पटक सोही व्यहोराको अध्यादेश फिर्ता पठाएकाले नैतिक रूपमा पनि उनले जारी गर्न अस्वीकार गरेका हुन् । सो विषयमा राष्ट्रपति कार्यालयले पनि यसअघिको दृष्टान्त पेस गरेर पुनर्विचार गर्न भनिसकेको उनले बताए ।

त्यस्तै सरकारले अब पहिलो विकल्पमा राष्ट्रपतिले अध्यादेश फिर्ता पठाएकाले यो विषय पुनः लैजान भन्न पनि सक्छ भने दोस्रो विकल्पमा पुनः सोही विषयलाई जस्ताको त्यस्तै पठाउन पनि सक्ने बाटो रहेको आचार्य बताउँछन् । यसरी हेर्दा सरकारले दोस्रो विकल्पमा पुनः एक पटक राष्ट्रपतिसमक्ष अध्यादेश पेस गर्न सक्ने सम्भावना देखिन्छ ।

त्यसो हुँदा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्ने सम्भावना पनि रहन्छ, आचार्यले भने । हाल संवैधानिक परिषद्को बैठक बस्न नसकेमा लामो समय प्रधान न्यायाधीश नियुक्तिको सिफारिस हुन नसक्ने भएकाले सरकारले अध्यादेशमा पुनर्विचार गर्न सक्छ ।

अध्यादेश फिर्ता भएकै कारण दुई तिहाइ नजिकको सरकारले राष्ट्रपतिलाई संविधानको पालना नगरेको भन्दै महाअभियोग लगाउन सक्छ कि सक्दैन भन्ने प्रश्नमा वरिष्ठ अधिवक्ता आचार्य भन्छन् 'यही कारणले मात्रै राष्ट्रपतिलाई महाअभियोग लगाउन नमिल्ने तर महाअभियोग लगाउन तल्लो हाउसमा बहुमत पुगेर मात्रै नहुने भएकाले त्यो सम्भावना तत्काल देखिँदैन ।'

यस विषयमा संविधानविद् तथा वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवालीले राष्ट्रपति कार्यकारी नभई संवैधानिक राष्ट्र प्रमुख भएकाले अध्यादेश जारी गर्नुपर्ने बताउँछन् । उनले नेपालको संविधानले राष्ट्रपतिलाई 'कार्यकारी' नभई 'संवैधानिक' राष्ट्र प्रमुखका रूपमा स्वीकार गरेकाले र संविधानको संरक्षक भएकाले सरकारले पठाएको अध्यादेश रोकेर राख्छु भन्न नमिल्ने बताएका छन् ।

संसद्मा अनिवार्य रूपमा पठाउनुपर्ने अध्यादेशमाथि राष्ट्रपतिले संवैधानिकताको परीक्षण गर्न नमिल्ने उनको भनाइ थियो । 'जारी भएको अध्यादेश सरकारले संसद्मै पठाउनुपर्ने भएकाले सरकार नै जवाफदेही बन्छ,' उनले भने, 'अध्यादेशका बारेमा राष्ट्रपति संसद्मा पुगेर जवाफदेही बन्नुपर्ने अवस्था छैन ।' संविधानसँग ऐन बाझिएको प्रश्न हेर्न सर्वोच्च अदालतमा संवैधानिक इजलासकै परिकल्पना रहेको र अर्कोतर्फ सरकारले बनाउने कानुन र त्यसको कार्यान्वयनका विषयमा राजनीतिक रूपमा जनताले मतबाट परीक्षण गर्ने उनले प्रस्ट पारे । उनले भने, 'संविधानले राष्ट्रपतिलाई अध्यादेशको संवैधानिकता परीक्षण गर्ने ठाउँ दिएको छैन ।'

यसअघि तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले २०८२ असार र सोही वर्षको मंसिरमा स्वीकृतिका लागि राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो । त्यसबेला पनि राष्ट्रपतिले उक्त अध्यादेश फिर्ता गरेका थिए । यसअघि संवैधानिक परिषद् (काम कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन २०६६ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरणका लागि २०८२ असार २५ मा पेस भएकोमा सन्देशसहित उक्त विधेयक फिर्ता पठाइएको थियो ।

तत्कालीन मन्त्रिपरिषद्को २०८२ मंसिर २ को निर्णय बमोजिम प्राप्त संवैधानिक परिषद् अध्यादेश जारी नभएको समेत स्मरण गराउँदै २०८३ वैशाख १४ गतेको मन्त्रिपरिषद्को निर्णयबमोजिम सिफारिस भई आएको संवैधानिक परिषद् अध्यादेश विषयवस्तुका सन्दर्भमा पुनर्विचार गर्न भन्दै फिर्ता पठाएको राष्ट्रपति कार्यालयबाट जारी विज्ञप्तिमा भनिएको छ ।

परिषद्का ६ सदस्यमध्ये तीन जनाबाटै निर्णय गर्न सकिने प्रावधान राखिएको अध्यादेशप्रति असहमति जनाउँदै उनले उक्त प्रस्ताव पुनः विचार गरी पठाउन आग्रह गरेका हुन् । सरकारले 'संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६' संशोधन गर्न अध्यादेश सिफारिस गरेको थियो । ऐनको दफा ६ मा रहेको गणपूरक संख्या र निर्णय प्रक्रियासम्बन्धी व्यवस्था तथा दफा ७ को संसदीय सुनुवाइसम्बन्धी प्रावधानलाई परिवर्तन गर्ने प्रस्ताव अध्यादेशमा समावेश गरिएको थियो ।

प्रस्तावित व्यवस्थाअनुसार चार जना उपस्थित भएमा बैठक बस्न सक्ने र उपस्थित सदस्यको बहुमत अर्थात् तीन जनाबाटै निर्णय गर्न सकिने व्यवस्था राखिएको थियो । तर राष्ट्रपति पौडेलले यस्तो व्यवस्थाले बहुमतीय प्रणालीको आधारभूत मर्म कमजोर हुने ठहर गरेका छन् । परिषद्मा कुल ६ सदस्य रहेकाले कम्तीमा ४ जनाको सहमतिमा निर्णय हुनुपर्ने उनको तर्क छ । नेपालको संविधानको धारा ११४ ले अध्यादेशसम्बन्धी व्यवस्था गरेको छ । संसद्का दुवै सदनको अधिवेशन नबसेको अवस्थामा तत्काल केही गर्नुपर्ने भएमा वा कानुनी रिक्तता भएमा सरकारले अध्यादेश जारी गर्न सक्छ, तर यो एउटा सर्तमा आधारित हुन्छ- कि सरकारले यसलाई संसद् सुचारु भएको ६० दिनभित्र अनिवार्य रूपमा पेस गर्नुपर्छ । *स्रोत : रातोपाटी*

# भारत-चीनलाई नेपालको पत्र

काठमाडौं : सरकारले नेपाली भूमि लिपुलेक हुँदै भारत र चीनबीच कैलाश मानसरोवर यात्रा सञ्चालन गर्न लागेको आपत्ति जनाउँदै भारत र चीनलाई पत्र पठाएको छ । सरकारले नेपाली भूमि लिपुलेक हुँदै भारत र चीनबीच कैलाश मानसरोवर यात्रा सञ्चालन गर्न लागेकोमा आपत्ति जनाउँदै भारत र चीनलाई पत्र पठाएको परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिए ।

सरकारले सबै राजनीतिक दलहरूसँग यो विषयमा सोधेर नेपालको पोजिसनबारे दुवै देशलाई अवगत गराएको परराष्ट्रमन्त्री शिशिर खनालले जानकारी दिए । 'नेपाली भूमि लिपुलेक हुँदै आयोजना गर्ने भनिएको कैलाश मानसरोवर यात्राका सम्बन्धमा नेपाल सरकारले आफ्नो स्पष्ट अडान र सरोकार भारत र चीन दुबै पक्षलाई कूटनीतिक माध्यमबाट पुनः अवगत गराएको छ' परराष्ट्र मन्त्रालयले जारी गरेको प्रेस नोटमा छ ।

१८१६ को सुगौली सन्धिबाट नै महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भू-भाग रहेको तथ्यमा नेपाल सरकार पूर्णतः स्पष्ट र अडिग रहेको सरकारले स्मरण गराएको छ । 'यसअघि पनि नेपाल सरकारले भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण वा विस्तार, सीमा व्यापार र तीर्थाटनजस्ता कुनै पनि क्रियाकलाप नगर्न निरन्तर आग्रह गर्दै आएको छ' परराष्ट्रको प्रेस नोटमा छ । नेपालले विगतमा पनि उक्त भूमिको विषयमा पटक-पटक दुबै देशलाई स्मरण गराउँदै आएको थियो ।

'लिपुलेक क्षेत्र नेपाली भू-भाग रहेको विषयमा मित्रराष्ट्र चीनलाई समेत आधिकारिक रूपमा जानकारी गराई सकिएको बेहोरा स्पष्ट पारिन्छ', सकारले भनेको छ- 'नेपाल र भारतबिचको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको मर्म र भावना अनुरूप, ऐतिहासिक सन्धि-सम्झौता, तथ्य, नक्सा र प्रमाणका आधारमा सीमा समस्याको समाधान कूटनीतिक माध्यमबाट गर्न नेपाल सरकार सधैं प्रतिबद्ध छ ।' *(स्रोतः अनलाइनखबर)*

# संघीय सरकारका ४ मन्त्रालय खारेज हुँदै




काठमाडौंः सरकारले केही मन्त्रालय खारेज र केहीलाई गाभेर नयाँ नाम कायम गर्नेगरी तयारी अघि बढाएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय निकट स्रोतले दिएको जानकारी अनुसार ४ वटा मन्त्रालय खारेज हुँदैछन् । अन्य ६ वटा मन्त्रालयको नयाँ नाम कायम गर्नेगरी काम अन्तिम चरणमा पुगेको स्रोतले बतायो ।

'४ वटा मन्त्रालय खारेज भएर ६ वटाको नाम फेरिनेछन् । केहीलाई भने हाल रहेका मन्त्रालयबाट छुट्टाएर प्रधानमन्त्री मातहत नै राखिन्छ,' प्रधानमन्त्री कार्यलय स्रोतले भन्यो, 'सम्भवतः यही हप्ताभित्र यी कामहरू सम्पन्न हुनेछन् ।' यसका लागि सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव गोविन्दबहादुर कार्कीको संयोजकत्वमा ५ सदस्यीय कार्यदल पनि बनाएको थियो । उक्त कार्यदलले संघमा १७ मन्त्रालय रहने प्रस्ताव गरेको थियो । सोही प्रस्तावमा टेकेर सरकारले यस्तो तयारी गरेको स्रोतले बताएको छ ।

सरकारले गरेको तयारीअनुसार युवा तथा खेलकुद, खानेपानी तथा सरसफाइ, शहरी विकास र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय खारेज गर्ने तयारी रहेको छ । युवा तथा खेलकुद मन्त्रालयलाई छुट्टाइनेछ । खेलकुदलाई शिक्षा मन्त्रालयमा गाभेर शिक्षा तथा खेलकुद मन्त्रालय नाम दिइनेछ । यसबाट छुट्टिएको युवालाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसहित स्वास्थ्य तथा जनसंख्या र सामाजिक सुरक्षा मन्त्रालयलाई एकीकृत गरेर लैंगिक समानता तथा सामाजिक विकास मन्त्रालय नाम दिइने तयारी सरकारको छ ।

खानेपानी तथा सरसफाइ मन्त्रालयबाट सरसफाइलाई छुट्टाइनेछ, जसलाई लगेर स्वास्थ्य मन्त्रालयमा गाभ्ने तयारी छ । त्यस्तै, खानेपानी र शहरी विकासलाई भौतिक पूर्वाधार मन्त्रालयलाई गाभिनेछ, जसको नयाँ नाम एकीकृत भौतिक पूर्वाधार मन्त्रालय रहनेछ । 'त्यस्तै, भौतिक मन्त्रालयबाट छुट्टाएर यातायातलाई श्रमतिर लैजाने आन्तरिक तयारी छ,' स्रोतले भन्यो, 'संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई प्रधानमन्त्रीमातहत लगिने छ ।'

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट गरिबी, सञ्चार मन्त्रालयबाट सूचना-प्रविधि, शिक्षा मन्त्रालयबाट विज्ञान-प्रविधि झिकेर प्रधानमन्त्री मातहत लाने तयारी छ । कार्यदलले गरेको प्रस्तावअनुसार यी काम हुन लागेको हो ।

आफ्नो सय दिने वाचाअनुसार सरकारले मन्त्रालयको संख्या १७ वटामा सीमित गराउँदै थप जिम्मेवारी प्रधानमन्त्री कार्यलय अन्तर्गत तान्ने तयारी गरेको प्रधानमन्त्री कार्यालयका एक सदस्यले बताए । सरकारले जारी गरेको सय बुँदे प्रशासनिक सुधारका बुँदामा पनि संघीय मन्त्रालयको संख्या घटाउने उल्लेख थियो । सोही सुधारका बुँदा कार्यान्वयन गर्दै सरकारले यस्तो कार्य गर्न लागेको हो । *(स्रोतः अनलाइनखबर)*

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

## गौतम बुद्ध



**शिवान्सिका पराजुली**

राजमहल छोडी खोज्यौ अर्थ
दुःखको कारण र मुक्तिको पथ
मध्यम मार्गको दिएर ज्ञान
मानव जीवन बनायौ महान् ।।

लुम्बिनीको माटोमा जन्मियौ
संसारभरि ज्ञानको दीप फैलायौ
वनको शान्तिमा गुञ्जिने स्वर
तिम्रो त्यो वचन अमृत सरह ।।

कर्मको फल र जीवनको रीत
तिमीले सुनायौ सत्यको गीत
हामी पनि बनौं दयालु र शान्त
तिम्रो प्रेरणाले होऊ पवित्र र कान्त ।।

*कक्षा–६*

## गौतम बुद्ध



**एलिना खत्री**

गौतम बुद्ध हुन् देशको शान
नेपालका लागि बरदान
स्वभाव उनको शान्त थियो
थियो उच्च विचार ।।

घर–परिवार सबथोक त्यागी
पसे उनी जंगल
उनकै जस्तो स्वभाव सिकौं
हुन्छ सबको मंगल ।।

पिपलको बोट मुनी
गरिकन ध्यान
तपस्यामा बसी उनी
बटुलेका थिए ज्ञान ।।

कक्षा–६

## गौतम बुद्ध



**संस्कार ढकाल**

लुम्बिनीको पावन भूमिमा जन्मेका
शान्तिको दीप गौतम बुद्ध महान्
राजमहलको सुख त्यागी हिँडे
सत्य खोज्न बने ज्ञानका दान ।।

बोधि वृक्ष मुनी ध्यानमा बसे
अज्ञातको अँध्यारो हटाए
दया, प्रेम र अहिंसाको बाटो
संसारभरि उज्यालो फैलाए ।।

चार आर्य सत्यको शिक्षा दिए
मध्यम मार्गको सन्देश सुनाए
लोभ, क्रोध र मोह त्यागी
सदाचारको जीवन अपनाए ।।

बुद्धका अमर उपदेशले
मानव हृदयमा शान्ति छर्छ
करुणा र सत्यको उज्यालो
सधै संसारभरि फैलिरहन्छ ।।

*कक्षा–७*

## गौतम बुद्ध



**रानिका थापा**

शान्तिको दीप बाल्न आए
अन्धकारमा उज्यालो छाए
करुणा र माया बोकी
संसारलाई सत्य देखाए ।।

बुद्धको सन्देश अमर छ
हरेकका मुटुमा समाहित छ
शान्ति, प्रेम र सत्यको बाटो
आज पनि उज्यालो छ ।।

*कक्षा–६*

## गौतम बुद्ध



**अभ्यान्सु श्रेष्ठ**

लुम्बिनीमा जन्मनु भयो
शान्तिका सन्देश दिनुभयो
गौतम बुद्ध महान् नाम
संसारभरि फलायो काम ।।

सत्य, अहिंसा, प्रेमको बाटो
देखाउनु भयो राम्रो बाटो
सबैसँग माया गर्न सिकायो
झगडा कहिल्यै नगर्नु भनायो ।।

बुद्ध जयन्ती आयो आज
हर्षित भयो सारा समाज
दीप बालौं, फूल चढाऔं
बुद्धको शिक्षा मनमा राखौं ।।

*कक्षा–६*





**सायूज देवकोटा**
**कक्षा-७**

## बागमती गोल्डकप-२०८३

# बागमती युथले चर्च ब्वाइजलाई हरायो



*बागमती युथ क्लबको फुटबल टिम ।*

समाज संवाददाता

हेटौँडा : मकवानपुरको बागमती गाउँपालिकामा जारी बागमती गोल्डकपमा सर्लाहीको बागमती युथ क्लबले साविक विजेता चर्च ब्वाइज युनाइटेड, ललितपुरलाई पराजित गरेको छ । आइतबार सहिद स्मृति रंगशालामा भएको खेलमा बागमतीले चर्च ब्वाइजलाई २-१ गोलले हराएको हो । सुरुवाती अग्रता लिएको चर्च ब्वाइजविरुद्ध बागमतीले शानदार पुनरागमन गरेको हो ।

चर्च ब्वाइजका लागि सुसन मगरले ११ औं मिनेटमा गोल गर्दै टोलीलाई अग्रता दिलाएका थिए । बागमतीका लागि अनिष महर्जनले खेलको २८ मिनेटमा र कप्तान आयुष मगरले ८८ औं मिनेटमा पेनाल्टीमार्फत गोल गरे । प्लेयर अफ दि म्याच बागमतीका लागि पहिलो गोल गर्ने महर्जन घोषित भए । उनले १० हजार रुपैयाँ प्राप्त गरे । यसअघि पहिलो खेलमा बागमती युथले उद्घाटन खेलमा बिहीबार आयोजक बागमती गाउँपालिका खेलकुद विकास समितिलाई पराजित गरेको थियो ।

बागमती युथले अब सेमिफाइनलमा फ्रेन्डस क्लब, ललितपुर र प्लानिङ ब्वाइज युनाइटेड, काठमाडौंबीचको विजेतासँग खेल्नेछ । प्रतियोगिताको सेमिफाइनल खेल २३ गते र २४ गते हुनेछ भने फाइनल खेल बैशाख २६ गते हुनेछ ।

प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले ५ लाख पाउनेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र विधागत उत्कृष्टहरुले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

## विद्युतीय कसुरमा न्यौपाने पक्राउ

समाज संवाददाता

हेटौँडा : विद्युतीय कारोवार ऐन, २०६३ अन्तर्गतको कसुरमा एक प्रतिवादीलाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । प्रहरीले हेटौँडा-१०, टिसिएनरोडका ४५ वर्षीय सन्तोष न्यौपानेलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले न्यौपानेलाई आइतबार दिउँसो २ बजेर २५ मिनेटको समयमा पक्राउ गरेको जनाएको छ । विद्युतीय कारोबार सम्बन्धी मुद्दामा अनुसन्धानका लागि मकवानपुर जिल्ला अदालतले वैशाख १५ गते उनी विरुद्ध पक्राउ अनुमति प्रदान गरेको थियो । न्यौपानेलाई नियन्त्रणमा लिएर थप अनुसन्धान कार्य गरिरहेको प्रहरीले जनाएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४
मेगाहर्ज सुनौं
र सुनाऔं

# राष्ट्रव्यापी कविता प्रतियोगितामा मकवानपुरका सुवास द्वितीय



*राष्ट्रव्यापी कविता प्रतियोगितामा दोस्रो भएका कवि सुवास सजल ।*

समाज संवाददाता

हेटौँडा : दोस्रो तरहरा राष्ट्रव्यापी कविता प्रतियोगितामा मकवानपुरका सुवास सजल द्वितीय भएका छन् । शनिबार भएको प्रतियोगितामा सजलको 'चिडियाखाना' शिर्षकको कविता द्वितीय भएको हो । प्रतियोगितामा दोस्रो स्थान हासिल गरेका सजलले ४१ हजार ५ सय ५५ रुपैयाँ नगद पुरस्कार प्राप्त गरेका छन् ।

सुनसरीको इटहरी-२०, तरहरास्थित जनसहयोग माध्यमिक विद्यालयका २०५० सालको एसएलसी समूहले प्रतियोगिता आयोजना गरेको थियो । प्रतियोगितामा मोरङका विशाल शाहको 'मौनता' र इलामका ऋजन मायालुको 'बारुद' शिर्षकको कविताले क्रमश: प्रथम र तृतीय स्थान हासिल गऱ्यो । प्रथम हुनेले ५१ हजार ५ सय ५५ रुपैयाँ र तृतीय हुनेले ३१ हजार ५ सय ५५ रुपैयाँ नगद पुरस्कार प्राप्त गरे ।

प्रतियोगिताका लागि देशभरबाट प्राप्त ५४७ वटा कवितामध्ये उत्कृष्ट १० वटालाई अन्तिम प्रतिस्पर्धाका लागि छनोट गरिएको थियो । उत्कृष्ट १० मा पर्न सफल भएका कविहरुले अन्तिम प्रतिस्पर्धामा शनिबार आ-आफ्ना कविता वाचन गरेका थिए । प्रथम, द्वितीय र तृतीयबाहेक उत्कृष्ट १० मा परेका अन्य सात जना कविहरुले सिर्जनशील पुरस्कार स्वरुप जनही ५ हजार ५ सय ५५ रुपैयाँ प्राप्त गरेका छन् ।

सिर्जनशील पुरस्कार पाउनेहरुमा अनिल सुवेदी (धनकुटा), कल्पना मरासिनी (अर्घाखाँची), टीकाराम कार्की (मोरङ), प्रचुर अभाव (झापा), प्रज्ञा निरौला (सोलुखुम्बु), विश्वराम खत्री (भक्तपुर) र सवि मेवाहाङ (सुनसरी रहेका हुन् । नारायणप्रसाद पौडेलको स्मृतिमा साथीहरुले गत वर्षदेखि प्रतियोगिता आयोजना गरेको हो ।

## वाइवाइ यु १९ क्रिकेट

# जिल्लास्तरीय छनोटमा ६५ जनाको आवेदन

समाज संवाददाता

हेटौँडा : वाइवाइ यु-१९ पुरुष एकदिवसीय क्रिकेट प्रतियोगिता २०८३ को जिल्लास्तरीय छनोटका लागि ६५ जनाले आवेदन दिएका छन् ।

मकवानपुर क्रिकेट संघले जिल्लास्तरीय छनोट प्रतियोगितामा सहभागी हुन इच्छुक खेलाडीहरूका लागि बैशाख ७ गतेदेखि दर्ता फारम खुला गरेको थियो । जिल्लाका ६५ जनाले खेलाडीले छनोटका लागि दर्ता फारम भरेका संघका सचिव विनोद कुमार बानियाँले जानकारी दिनुभयो ।

जिल्लास्तरीय छनोट प्रतियोगिता जेठ २ गतेदेखि ६ गतेसम्म सञ्चालन हुने सचिव बानियाँले बताउनुभयो । वाइवाइको मुख्य प्रायोजन र एक्सपर्ट भिजन कन्सल्टेन्सीको सहयोगमा जिल्लास्तरीय छनोट प्रतियोगिता हुनेछ । दर्ता फारम भरेका खेलाडीलाई ४ वटा टिममा विभाजन गरिनेछ । छनोट प्रक्रिया अन्तर्गत प्रत्येक टिमले एकअर्कासँग एकदिवसीय अभ्यास खेल खेल्ने छ । अभ्यास खेलको प्रदर्शनका आधारमा सुरुमा २२ जना खेलाडीलाई छनोट गरिनेछ । त्यसपछि उत्कृष्ट १४ जना खेलाडीलाई बागमती प्रदेशस्तरीय छनोटमा पठाइनेछ भने ४ जना वैकल्पिक खेलाडीको रुपमा रहनेछन् ।

नेपाल क्रिकेट संघ (क्यान) बाट आधिकारिकता पाएका बागमती प्रदेशका ६ वटा जिल्लाहरू मकवानपुर, चितवन, नुवाकोट, ललितपुर, काठमाडौं र भक्तपुरबीच प्रदेशस्तरीय छनोट प्रतियोगिता हुनेछ । नेपाल क्रिकेट संघ (क्यान) का अनुसार प्रदेशस्तरीय छनोट प्रतियोगिता आगामी जुन महिनामा भने राष्ट्रिय प्रतियोगिता आगामी सेप्टेम्बर र अक्टोबर महिनामा सञ्चालन गरिने कार्यतालिका रहेको छ ।

# भ्यान र मोटरसाइकल ठोक्किएर दुर्घटना

समाज संवाददाता

हेटौँडा : मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा सवारी दुर्घटना हुँदा एक जना घाइते भएका छन् । शनिबार इन्द्रसरोवर-२, रातोमाटेमा मोटरसाइकल र भ्यान एकआपसमा ठोक्किदा एक जना घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिनुभयो ।

काठमाडौंबाट हेटौँडातर्फ आउँदै गरेको को १ प ४११ नम्बरको मोटरसाइकल र हेटौँडाबाट काठमाडौंतर्फ जाँदै गरेको बा प्र ०३-००१ ज ०९३२ नम्बरको भ्यान आपसमा ठोक्किएर दुर्घटना भएको थियो । दुर्घटनामा परेर मोटरसाइकलमा पछाडी सवार जाजरकोटको कुसे गाउँपालिका-८ का २४ वर्षीय ज्ञानु सिंह ठकुरी घाइते भएका हुन् । उनको बयोधा अस्पताल बल्खुमा उपचार भइरहेको छ । भ्यान चालक बारा जिल्लाको फेटा गाउँपालिका-६ का २६ वर्षीय मोहमद नरसिंह र मोटरसाइकल चालक कुसे-८ कै मानबहादुर सिंह ठकुरी उपचारमा संलग्न छन् ।

# दुर्घटनामा तीन जना घाइते

समाज संवाददाता

हेटौँडा : पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा-१०, वन विज्ञान क्याम्पस अगाडि दुर्घटनामा परी ३ जना घाइते भएका छन् । मोटरसाइकल, टिङपर र ट्रक ठोक्किएर दुर्घटना भएको हो ।

आइतबार मध्यान्ह साढे १२ बजे हेटौँडा बजारबाट पथलैयातर्फ जाँदै गरेको ग ७ प ७३१८ नम्बरको मोटरसाइकललाई सोही दिशाबाट आउँदै गरेको बागमती प्रदेश ०३-००१ ख १३३४ नम्बरको ट्रिपरले पछाडिबाट ठक्कर दिँदा पशुपतिनगरतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ ख २६२३ नम्बरको ट्रकको पछाडि ठक्कर खाई पल्टिएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परी मोटरसाइकलमा सवार भारत मोतिहारीका अन्दाजी २२ बर्षीय सन्तोष कुमार गुप्ता, निजकी श्रीमती २५ बर्षीया आशादेवी गुप्ता र २ बर्षीया छोरी गुल्ली कुमारी गुप्ता तीनैजना घाइते भएका छन् ।

तीनैजना घाइतेहरुलाई उपचार का लागि हेटौंडा अस्पतालमा पठाएकोमा तीनै जना घाइतेहरुको अवस्था मध्यम तथा सामान्य रहेको प्रहरीले जनाएको छ । ट्रिपर र ट्रक दुवैका चालकहरु प्रहरीको नियन्त्रणमा रहेको प्रहरीले जानकारी दिएको छ ।

**डँढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं**

**डँढेलोले,**
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ ।
- वातावरणीय प्रदूषण बढाउँछ,
- भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

**त्यसैले,**
- वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

**डिभिजन वन कार्यालय**
**हेटौंडा, मकवानपुर**

**फुल फर्निस्ड सटर बिक्रीमा**

हेटौँडा-४, हेटौँडा क्याम्पस अगाडि रहेको लेडिज फेन्सी तथा कस्मेटिक्स पसल सञ्चालन गर्न उपयुक्त हुने फुल फर्निस्ड सटर बिक्रीमा रहेकोले व्यवसाय गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क : ९८४५१-२७०३८

**डँढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्ने पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होइन आसपासका बस्तीसमेत उजाड हुन सक्छन् ।
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डँढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**वन तथा वातावरण मन्त्रालय**
**बागमती प्रदेश, नेपाल**
**हेटौंडा, मकवानपुर**

**सूचना, सूचना, सूचना**

वर्तमान समयमा हरेक अभिभावकहरूले आफ्ना बालबालिकाहरूमा देखिएको जिद्धिपनलाई परामर्शको माध्यमद्वारा सकारात्मक परिवर्तन गराउँदै खेलकुद, नृत्य तथा डिजिटल माध्यमद्वारा पठनपाठनमा लगनशील बनाउने उद्देश्यका साथ हेटौँडाकै एकमात्र सत्यम जेभियर्स इग्लिस बोर्डिङ स्कुलमा प्ले ग्रुपदेखि कक्षा ९ सम्मका लागि नयाँ भर्ना फारम वितरण भइरहेको छ ।

तसर्थ, आफ्ना बालबालिकाहरूको उज्ज्वल भविष्यका लागि समयमै सम्पर्क गरी भर्ना प्रक्रिया पूरा गर्नुहुन सम्पूर्ण अभिभावकहरूमा हार्दिक अनुरोध गरिन्छ ।

सत्यम जेभियर्स इग्ङ्लिस बोर्डिङ स्कुल
हेटौँडा–४, चिसापानी
०५७–५२५५६३, ९८५५०६९४५२, ९८५५०६९५६३

**हार्दिक बधाई**



छैठौं संस्करणको जिल्लास्तरीय शिक्षक भलिबलको उपाधि जित्न सफल ज्ञानदीप शिक्षा (जीएस) निकेतनको शिक्षक भलिबल टोलीलाई बधाईसहित आगामी दिनमा पनि निरन्तर सफलताको शुभकामना व्यक्त गर्दछौं ।

प्रिन्सिपल
**एवम् जीएस निकेतन परिवार**
हेटौंडा-५, मकवानपुर




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email: sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ